विधेयक संख्याः

# बैङ्किङ्ग कसूर तथा सजाय ऐन, २०६४ लाई संशोधन गर्न बनेको विधेयक

२०80

संघीय संसद  सचिवालय

सिंहदरबार, काठमाडौं।

## <u>उद्देश्य र कारण</u>

बैङ्किङ्ग तथा वित्तीय प्रणालीको कारोबारमा हुन सक्ने चेक अनादर जस्ता कसूरजन्य कार्यको अनुसन्धान, अभियोजन र कारबाहीलाई व्यवस्थित तथा प्रभावकारी बनाई सो उपर हुने सजाय र अदालती प्रकृयालाई अझ पारदर्शी तथा सरलीकरण बनाउने सम्बन्धमा कानूनी व्यवस्था गर्न आवश्यक भएकोले प्रस्तुत विधेयक पेश गर्नु परेको हो।

(डा. प्रकाश शरण महत)

अर्थ मन्त्री

# सैद्धान्तिक अवधारणा

बैङ्क तथा वित्तीय संस्थामा रकम भएको झुट्ठा विवरण पेश गरेर अन्य व्यक्तिलाई धोका दिई ठगी गरी सम्पत्ति खाने जस्ता प्रवृत्ति बढेको र सोको कारणबाट बैङ्किङ्ग कसूरसम्बन्धी मुद्दाको अनुसन्धान, अभियोजन र न्याय निरुपण गर्ने अधिकारी र निकायमा अत्यधिक कार्यचाप समेत बढ्न गएको देखिएको। यस सन्दर्भमा सम्मानित सर्वोच्च अदालतबाट नेपाल सरकार विरुद्ध दुर्गा कार्की भएको बैङ्किङ्ग कसूर मुद्दामा व्यक्ति-व्यक्तिबीच भएको विनिमय कारोबारबाट सिर्जित हुने दुस्कृतिलाई अलग-अलग कानूनले भिन्नभिन्न कसूरको रुपमा परिभाषित गर्दा गलत अभियोजन हुनगई कानूनी उपचारको मार्ग र प्राप्त हुने उपचार समेत फरक ढङ्गबाट निर्धारण भई सही निष्कर्षमा पुग्न नसकिने भनी ध्यानाकर्षण गराएको कारण प्रचलित बैङ्किङ्ग कसूर तथा सजाय ऐन, २०६४ मा चेक अनादर सम्बन्धी मुद्दाको अनुसन्धान, अभियोजन र सो पछिको अदालती कारवाहीलाई समेत सरल, व्यवस्थित, व्यावहारिक र प्रभावकारी बनाउनका लागि महान्यायाधिवक्ताको कार्यालयबाट सरोकारवाला निकायका प्रतिनिधिसँगको परामर्श समेतको आधारमा अध्ययन हुँदा बैङ्किङ्ग कसूर तथा सजाय ऐन, २०६४ र विनिमेय अधिकारपत्र ऐन, २०३४ मा रहेको चेक अनादर सम्बन्धी प्रावधानमा संशोधन गर्नुपर्ने भएकोले बैङ्किङ्ग कसूर तथा सजाय ऐन, २०६४ लाई संशोधन गर्न बनेको विधेयकको मस्यौदा नेपाल सरकार, मन्त्रिपरिषद्बाट

सङ्घीय संसदमा पेश गर्ने गरी मिति 2080।04।23 मा स्वीकृत भएकोले प्रस्तुत विधेयक पेश गरिएको छ।

## प्रत्यायोजित व्यवस्थापन सम्बन्धी टिप्पणी

प्रस्तुत विधेयकमा प्रत्यायोजित व्यवस्थापन सम्बन्धी अधिकारको व्यवस्था गरिएको छैन।

# व्याख्यात्मक टिप्पणी

| क्र.सं. | दफा | दफा शीर्षक | व्याख्यात्मक टिप्पणी |
|---|---|---|---|
| 1. | 2 | परिभाषा | विधेयकमा प्रयोग भएका शब्दावलीको परिभाषा गर्न आवश्यक भएको। |
| 2. | 3क. | रकम मौज्दात नभई चेक जारी गर्न नहुने | सम्बन्धित खातामा रकम मौज्दात नभई चेक जारी गर्न नहुने सम्बन्धमा व्यवस्था गर्न आवश्यक भएको। |
| 3. | १४ख. | स्वीकृति प्राप्त नगरी बैकिङ्ग कारोबार गर्न नहुने | सहकारी कारोवार सम्बन्धी अनुमति दिने नीतिगत व्यवस्था हटाइएकोले। |
| 4. | 15 मा उपदफा (1क.) | दण्ड सजाय | चेक अनादर भएको प्रमाणित भएमा चेक जारी गरिदिने खातावालाबाट धारकलाई जरिवाना तथा कैदको सजाय गर्न आवश्यक भएको। |

| | | | |
|---|---|---|---|
| 5. | 17 मा उपदफा (1क.) | जाहेरी दिने अवधि र हदम्याद | दफा 3क बमोजिमको कसूरमा जाहेरी दिने अवधि, हदम्याद र निकाय तोक्न आवश्यक भएको। |
| 6. | 26क. | मिलापत्र गर्न सकिने | प्रचलित कानूनको अधिनमा रहि मिलापत्र सम्बन्धी व्यवस्था गर्न आवश्यक भएको। |

# आर्थिक टिप्पणी

बैङ्किङ्ग कसूर तथा सजाय ऐन, २०६४ पहिलेदेखि नै कार्यान्वयनमा रहेकोले यस ऐनमा रहेको चेक अनादर सम्बन्धी प्रावधानमा समयानुकूल परिमार्जन गर्ने कार्यसम्म भएको हुँदा त्यस्तो व्यवस्थाबाट नेपाल सरकारलाई थप आर्थिक दायित्व पर्ने देखिंदैन।

## **<u>बैङ्किङ्ग कसूर तथा सजाय ऐन, २०६४ लाई संशोधन गर्न बनेको विधेयक</u>**

**<u>प्रस्तावना</u>**: बैङ्किङ्ग कसूर तथा सजाय ऐन, २०६४ लाई संशोधन गर्न वाञ्छनीय भएकोले,

सङ्घीय संसद्ले यो ऐन बनाएको छ।

१. **<u>संक्षिप्त नाम र प्रारम्भ</u>:** (१) यस ऐनको नाम "बैङ्किङ्ग कसूर तथा सजाय (दोस्रो संशोधन) ऐन, २०८०" रहेको छ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ।

२. **<u>बैङ्किङ्ग कसूर तथा सजाय ऐन, २०६४ को दफा २ मा संशोधन:</u>** बैङ्किङ्ग कसूर तथा सजाय ऐन, २०६४ (यसपछि ×मूल ऐन" भनिएको) को दफा २ को,-

(१) खण्ड (च) को सट्टा देहायको खण्ड (च) राखिएको छः-

"(च) "सहकारी बैङ्क" भन्नाले सहकारी ऐन, २०७४ को दफा १२ बमोजिम गठन भएको सहकारी बैङ्क सम्झनु पर्छ।"

(२) खण्ड (ञ) पछि देहायका खण्ड (ट) र (ठ) थपिएका छन्:÷

"(ट) "चेक" भन्नाले माग्नासाथ भुक्तानी दिनु भनी कुनै बैङ्क उपर खिचिएको प्रचलित कानून बमोजिमको विनिमेयपत्र सम्झनु पर्छ।

(ठ) "धारक" भन्नाले आफ्नो नाममा काटिएको चेक प्राप्त गरी सो चेकमा उल्लेख भए बमोजिमको रकम भुक्तानी पाउने हक भएको व्यक्ति सम्झनु पर्छ।"

३. **<u>मूल ऐनको दफा ३ मा संशोधन:</u>** मूल ऐनको दफा ३ को,÷

(१) खण्ड (ख) मा रहेका "काल्पनिक वा" भन्ने शब्दहरू झिकिएका छन्।

(२) खण्ड (ग) झिकिएको छ।

४. **<u>मूल ऐनमा दफा ३क. थपः</u>** मूल ऐनको दफा ३ पछि देहायको दफा ३क. थपिएको छः÷

"**३क. <u>रकम मौज्दात नभई चेक जारी गर्न नहुनेः</u>** (१) कसैले पनि आफ्नो बैङ्क खातामा रकम मौज्दात नभएको वा मौज्दात भएपनि भुक्तानीको लागि पर्याप्त छैन भन्ने जानीजानी कसैलाई चेक जारी गरी दिन वा बैङ्कसँग त्यस्तो चेकको भुक्तानी माग गर्नु हुँदैन।

(२) बैङ्क वा वित्तीय संस्थाले भुक्तानीको लागि आफूसमक्ष पेश हुन आएको चेक जाँचबुझ गरी सम्बन्धित व्यक्तिको खातासँग भिडाउँदा त्यस्तो चेकको भुक्तानी गर्न आवश्यक पर्ने रकम खातामा मौज्दात रहेको नदेखिएमा त्यस्तो चेक धारकलाई फिर्ता दिनु पर्नेछ।

(३) उपदफा (२) बमोजिम फिर्ता हुन आएको चेक धारकले अनादर भएको प्रमाणित गराउन चाहेमा बैङ्कले बढीमा तीस दिनको म्याद दिई आफ्नो खातामा आवश्यक रकम जम्मा गर्न सम्बन्धित खातावालालाई जुनसुकै माध्यमबाट सूचना दिई सोको अभिलेख राख्नु पर्नेछ।

(४) उपदफा (३) बमोजिम बैङ्कले खातावालालाई दिएको सूचनाको अभिलेख राखिसकेपछि सो व्यहोरा चेकमा समेत जनाई त्यस्तो चेक धारकलाई फिर्ता गर्नु पर्नेछ।

(५) उपदफा (३) बमोजिम तोकिएको म्याद समाप्त भएपछि धारकले उपदफा (४) बमोजिम फिर्ता गरिएको चेकमा उल्लेख गरिए बमोजिमको रकम भुक्तानी माग्दा खातामा आवश्यक रकम मौज्दात नरहेको कारणबाट भुक्तानी दिन नसकिने भएमा बैङ्कले तीन दिनभित्र सम्बन्धित खातावालाले चेक अनादर गरेको व्यहोरा प्रमाणित गरी त्यस्तो चेक धारकलाई फिर्ता गरिदिनु पर्नेछ।

(६) यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि उपदफा (३) बमोजिम खातावालालाई सूचना दिएकोमा खातावालाले जुनसुकै बखत त्यस्तो चेक फिर्ता लिई धारकलाई चेकमा उल्लिखित रकम भुक्तानी दिन सक्नेछ।

(७) यस दफा बमोजिम चेक अनादर गरेको व्यहोरा प्रमाणित गर्ने कार्यविधि नेपाल सरकारको अर्थ मन्त्रालयको परामर्शमा नेपाल राष्ट्र बैङ्कले निर्धारण गरे बमोजिम हुनेछ।"

५. **<u>मूल ऐनको दफा १२क. मा संशोधनः</u>** मूल ऐनको दफा १२क. को ठाउँठाउँमा रहेका "सहकारी संस्था वा संघ" भन्ने शब्दहरूको सट्टा "सहकारी बैङ्क" भन्ने शब्दहरू राखिएका छन्।

६. **<u>मूल ऐनको दफा १४ख. मा संशोधनः</u>** मूल ऐनको दफा १४ख. को सट्टा देहायको दफा १४ख. राखिएको छः-

"**१४ख. <u>स्वीकृति प्राप्त नगरी बैङ्किङ्ग कारोबार गर्न नहुने:</u>** सहकारी बैङ्कले नेपाल राष्ट्र बैङ्कबाट

स्वीकृति प्राप्त नगरी बैङ्किङ्ग कारोबार गर्न वा गराउन हुँदैन।"

७. **<u>मूल ऐनको दफा १५ मा संशोधनः</u>** मूल ऐनको दफा १५ को,÷

(१) उपदफा (१) पछि देहायको उपदफा (१क) थपिएको छः÷

"(१क) दफा ३क. को उपदफा (५) बमोजिम चेक अनादर भएको प्रमाणित भएमा चेक जारी गरीदिने खातावालाबाट धारकलाई बिगो बमोजिमको रकम भराई चेक जारी गरीदिने खातावालालाई बिगोको पाँच प्रतिशत जरिवाना र देहाय बमोजिम कैद सजाय हुनेछ:÷

(क) पाँच लाख रुपैयाँसम्म बिगो भए एक महिनासम्म कैद,

(ख) पाँच लाख रुपैयाँभन्दा बढी दश लाख रुपैँयाँसम्म बिगो भए तीन महिनासम्म कैद,

(ग) दश लाख रुपैयाँभन्दा बढी पचास लाख रुपैँयाँसम्म बिगो भए छ महिनासम्म कैद,

(घ) पचास लाख रुपैयाँभन्दा बढी जतिसुकै बिगो भए पनि दुई वर्षसम्म कैद।"

(२) उपदफा (८) मा रहेका "दफा ३," भन्ने शब्दहरू पछि "३क.," भन्ने शब्दहरू थपिएका छन्।

८. **<u>मूल ऐनको दफा १७ मा संशोधनः</u>** मूल ऐनको दफा १७ को उपदफा (१) पछि देहायको उपदफा (१क) थपिएको छः÷

"(१क) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि दफा ३क. बमोजिमको कसूरमा चेक अनादर गरेको

प्रमाणित भएको मितिले तीन महिनाभित्र जाहेरी दिन सकिनेछ र त्यसरी जाहेरी परेको मितिले तीन महिनाभित्र सम्बन्धित जिल्ला अदालत समक्ष मुद्दा दायर गरिसक्नु पर्नेछ।"

९. **<u>मूल ऐनमा दफा २६क. थपः</u>** मूल ऐनको दफा २६ पछि देहायको दफा २६क. थपिएको छ:-

"**२६क. <u>मिलापत्र गर्न सकिने</u>**: (१) प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भए तापनि दफा ३क. बमोजिम चेक अनादर सम्बन्धी मुद्दामा प्रतिवादीले चेकमा उल्लेख भए बमोजिमको रकम धारकलाई बुझाई मुद्दाका दुवै पक्षले मिलापत्र गर्न चाहेमा अनुसन्धानको सिलसिलामा भए अनुसन्धान अधिकारीमार्फत सरकारी वकीलसमक्ष र अदालतमा मुद्दा दायर भै सकेको भएमा सरकारी वकील मार्फत अदालतसमक्ष मिलापत्रको लागि निवेदन दिन सक्नेछन्।

(२) उपदफा (१) बमोजिम मिलापत्रको लागि निवेदन परेमा सरकारी वकीलले मुद्दा अनुसन्धानको सिलसिलामा भए अनुसन्धान अधिकृतलाई दुवै पक्षबीच मिलापत्र गराई दिन र मिलापत्र भएको व्यहोरा अभिलेखमा जनाई तत्सम्बन्धी अनुसन्धान स्थगन गर्न सम्बन्धित अनुसन्धान अधिकारीलाई आदेश दिनु पर्नेछ।

(३) उपदफा (२) बमोजिम सरकारी वकीलले दिएको आदेश अनुसार मिलापत्र गराई

सोको अभिलेख राख्नु सम्बन्धित अनुसन्धान अधिकृतको कर्तव्य हुनेछ।

(४) उपदफा (१) बमोजिम मिलापत्रको लागि निवेदन परेमा सम्बन्धित अदालतले प्रचलित कानून बमोजिम मिलापत्र गराई दिनु पर्नेछ। त्यसरी मिलापत्र भएकोमा प्रतिवादीलाई यस ऐन बमोजिम सजाय हुने छैन।"

१०. **खारेजी र बचाउ:** (१) विनिमेय अधिकारपत्र ऐन, २०३४ को दफा १०७क. खारेज गरिएको छ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि यो ऐन प्रारम्भ हुँदाका बखत विनिमेय अधिकारपत्र ऐन, २०३४ को दफा १०७क. बमोजिमको सजायको मागदाबी लिई दायर भएका मुद्दा सोही बमोजिम कारबाही र किनारा गर्न बाधा पर्ने छैन।

# <u>तीन महले विवरण</u>

| दफा | साविक व्यवस्था | प्रस्तावित व्यवस्था | संशोधन गर्नुपर्नाको कारण |
|---|---|---|---|
| दफा २ को खण्ड (च) मा संशोधन | (च) "सहकारी संस्था वा संघ" भन्नाले सहकारी ऐन, २०४८ को दफा २६ को उपदफा (२) बमोजिम नेपाल राष्ट्र बैङ्कबाट बैङ्किङ्ग कारोबार गर्न स्वीकृति प्राप्त गरेका सहकारी संस्था वा संघ सम्झनु पर्छ। | (च) "सहकारी बैङ्क" भन्नाले सहकारी ऐन, २०७४ को दफा १२ बमोजिम गठन भएको सहकारी बैङ्क सम्झनु पर्छ।" | सहकारी बैङ्कको परिभाषा गर्न आवश्यक भएकोले। |

| दफा | साविक व्यवस्था | प्रस्तावित व्यवस्था | संशोधन गर्नुपर्नाको कारण |
|---|---|---|---|
| दफा २ मा खण्ड (ट) र (ठ) थप | नभएको। | (ट) "चेक" भन्नाले माग्नासाथ भुक्तानी दिनु भनी कुनै बैङ्क उपर खिचिएको प्रचलित कानून बमोजिमको विनिमेयपत्र सम्झनु पर्छ।<br><br>(ठ) "धारक" भन्नाले आफ्नो नाममा काटिएको चेक प्राप्त गरी सो चेकमा उल्लेख भए बमोजिमको रकम भुक्तानी पाउने हक भएको व्यक्ति | चेक र धारक शब्दहरुको परिभाषा गर्न आवश्यक भएकोले। |

| दफा | साविक व्यवस्था | प्रस्तावित व्यवस्था | संशोधन गर्नुपर्नाको कारण |
|---|---|---|---|
| | | सम्झनु पर्छ।" | |
| दफा ३ को खण्ड (ख) मा संशोधन | (ख) कानून बमोजिम बाहेक **काल्पनिक वा** अन्य व्यक्ति वा संस्थाको नाममा खाता खोल्न वा खाता खोलिदिन, | खण्ड (ख) मा रहेका "काल्पनिक वा" भन्ने शब्दहरू झिकिएका छन्। | 'काल्पनिक वा' भन्ने शब्दहरु हटाउनु परेकोले। |
| दफा ३ को | (ग) आफ्नो खातामा मौज्दात रकम | झिकिएको। | छुट्टै दफामा |

| दफा | साविक व्यवस्था | प्रस्तावित व्यवस्था | संशोधन गर्नुपर्नाको कारण |
|---|---|---|---|
| खण्ड (ग) झिकिएको | नभएको जानीजानी चेक काटी दिन। | | व्यवस्था गरिएकोले। |
| दफा ३ पछि दफा ३क. थप | नभएको। | ३क. रकम मौज्दात नभई चेक जारी गर्न नहुनेः (१) कसैले पनि आफ्नो बैङ्क खातामा रकम मौज्दात नभएको वा मौज्दात भएपनि भुक्तानीको लागि पर्याप्त छैन भन्ने जानीजानी कसैलाई चेक जारी दिन वा बैङ्कसँग त्यस्तो चेकको भुक्तानी | छुट्टै दफामा व्यवस्था गर्न आवश्यक भएकोले। |

| दफा | साविक व्यवस्था | प्रस्तावित व्यवस्था | संशोधन गर्नुपर्नाको कारण |
|---|---|---|---|
| | | माग गर्नु हुँदैन।<br><br>(२) बैङ्क वा वित्तीय संस्थाले भुक्तानीको लागि आफूसमक्ष पेश हुन आएको चेक जाँचबुझ गरी सम्बन्धित व्यक्तिको खातासँग भिडाउँदा त्यस्तो चेकको भुक्तानी गर्न आवश्यक पर्ने रकम खातामा मौज्दात रहेको नदेखिएमा त्यस्तो चेक धारकलाई फिर्ता दिनु | |

| दफा | साविक व्यवस्था | प्रस्तावित व्यवस्था | संशोधन गर्नुपर्नाको कारण |
|---|---|---|---|
| | | पर्नेछ।<br><br>(३) उपदफा (२) बमोजिम फिर्ता हुन आएको चेक धारकले अनादर भएको प्रमाणित गराउन चाहेमा बैङ्कले बढीमा तीस दिनको म्याद दिई आफ्नो खातामा आवश्यक रकम जम्मा गर्न सम्बन्धित खातावाललाई जुनसुकै माध्यमबाट सूचना दिई सोको | |

| दफा | साविक व्यवस्था | प्रस्तावित व्यवस्था | संशोधन गर्नुपर्नाको कारण |
|---|---|---|---|
| | | अभिलेख राख्नु पर्नेछ।<br><br>(४) उपदफा (३) बमोजिम बैङ्कले खातावाललाई दिएको सूचनाको अभिलेख राखिसकेपछि सो व्यहोरा चेकमा समेत जनाई त्यस्तो चेक धारकलाई फिर्ता गर्नु पर्नेछ।<br><br>(५) उपदफा (३) बमोजिम तोकिएको म्याद समाप्त भएपछि धारकले उपदफा (४) बमोजिम फिर्ता | |

| दफा | साविक व्यवस्था | प्रस्तावित व्यवस्था | संशोधन गर्नुपर्नाको कारण |
| --- | --- | --- | --- |
| | | गरिएको चेकमा उल्लेख गरिए बमोजिमको रकम भुक्तानी माग्दा खातामा आवश्यक रकम मौज्दात नरहेको कारणबाट भुक्तानी दिन नसकिने भएमा बैङ्कले तीन दिनभित्र सम्बन्धित खातावालाले चेक अनादर गरेको व्यहोरा प्रमाणित गरी त्यस्तो चेक धारकलाई फिर्ता गरिदिनु पर्नेछ। | |

| दफा | साविक व्यवस्था | प्रस्तावित व्यवस्था | संशोधन गर्नुपर्नाको कारण |
|---|---|---|---|
| | | (६) यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि उपदफा (३) बमोजिम खातावालालाई सूचना दिएकोमा खातावालाले जुनसुकै बखत त्यस्तो चेक फिर्ता लिई धारकलाई चेकमा उल्लिखित रकम भुक्तानी दिन सक्नेछ।<br><br>(७) यस दफा बमोजिम चेक अनादर गरेको व्यहोरा प्रमाणित गर्ने | |

| दफा | साविक व्यवस्था | प्रस्तावित व्यवस्था | संशोधन गर्नुपर्नाको कारण |
|---|---|---|---|
| | | कार्यविधि नेपाल सरकारको अर्थ मन्त्रालयको परामर्शमा नेपाल राष्ट्र बैङ्कले निर्धारण गरे बमोजिम हुनेछ। | |
| दफा १२क. मा संशोधन | १२क. बैङ्क वा वित्तीय संस्था वा **सहकारी संस्था वा संघलाई** झुक्याई काम कारोवार गर्न नहुनेः (१) कसैले बैङ्क वा वित्तीय संस्था वा **सहकारी** | मूल ऐनको दफा १२क. को ठाउँठाउँमा रहेका "सहकारी संस्था वा संघ" भन्ने शब्दहरूको सट्टा "सहकारी बैङ्क" भन्ने शब्दहरू राखिएका छन्।<br><br>१२क. बैङ्क वा वित्तीय संस्था वा **सहकारी** | सहकारी ऐनले सहकारी संस्थालाई सहकारी बैङ्कमा परिणत गरेकोले। |

| दफा | साविक व्यवस्था | प्रस्तावित व्यवस्था | संशोधन गर्नुपर्नाको कारण |
|---|---|---|---|
| | **संस्था वा संघको** स्वामित्वमा रहेको चल अचल सम्पत्ति मिलोमतो वा जाल परिपञ्च गरी वा हक नभएको सम्पत्तिमा आफ्नो हक पुग्ने कीर्ते कागज बनाई, दिई वा पेश गरी वा आफूसँग नभएको कुरा आफूसँग छ भनी झुक्याई वा झुट्टा कुरालाई साँचो हो भनी झुक्याई वा अरु जुनसुकै व्यहोरासँग | **बैङ्कलाई** झुक्याई काम कारोवार गर्न नहुनेः (१) कसैले बैङ्क वा वित्तीय संस्था वा **सहकारी बैङ्कको** स्वामित्वमा रहेको चल अचल सम्पत्ति मिलोमतो वा जाल परिपञ्च गरी वा हक नभएको सम्पत्तिमा आफ्नो हक पुग्ने कीर्ते कागज बनाई, दिई वा पेश गरी वा आफूसँग नभएको कुरा आफूसँग छ भनी झुक्याई वा झुट्टा कुरालाई | |

| दफा | साविक व्यवस्था | प्रस्तावित व्यवस्था | संशोधन गर्नुपर्नाको कारण |
| --- | --- | --- | --- |
| | धोका दिई गफलतमा पारी आफ्नो हक नपुग्ने बैङ्क वा वित्तीय संस्था वा **सहकारी संस्था वा संघको** हकको चल अचल सम्पत्ति लिनु दिनु दिलाउनु वा बैङ्क वा वित्तीय संस्था वा **सहकारी संस्था वा संघको** सम्पत्ति मेरो हो भनी वा मेरो भएको छ भनी लिखत गरी वा नगरी सोही सम्पत्ति | साँचो हो भनी झुक्याई वा अरु जुनसुकै व्यहोरासँग धोका दिई गफलतमा पारी आफ्नो हक नपुग्ने बैङ्क वा वित्तीय संस्था वा **सहकारी बैङ्कको** हकको चल अचल सम्पत्ति लिनु दिनु दिलाउनु वा बैङ्क वा वित्तीय संस्था वा **सहकारी बैङ्कको** सम्पत्ति मेरो हो भनी वा मेरो भएको छ भनी लिखत गरी वा नगरी सोही सम्पत्ति लिनु दिनु | |

| दफा | साविक व्यवस्था | प्रस्तावित व्यवस्था | संशोधन गर्नुपर्नाको कारण |
|---|---|---|---|
| | लिनु दिनु बिक्री व्यवहार गर्ने वा सट्टापट्टा गरी बैंङ्क वा वित्तीय संस्था वा **सहकारी संस्था वा संघलाई** हानि नोक्सानी पुऱ्याउनु हुँदैन।<br>(२) कसैले कुनै व्यहोराको झुट्टा, जालसाजपूर्ण कथन, प्रतिज्ञा वा अन्य कुनै तवरबाट बैङ्क वा वित्तीय संस्थालाई नोक्सानी | बिक्री व्यवहार गर्ने वा सट्टापट्टा गरी बैंङ्क वा वित्तीय संस्था वा **सहकारी बैङ्कलाई** हानि नोक्सानी पुऱ्याउनु हुँदैन।<br>(२) कसैले कुनै व्यहोराको झुट्टा, जालसाजपूर्ण कथन, प्रतिज्ञा वा अन्य कुनै तवरबाट बैङ्क वा वित्तीय संस्थालाई नोक्सानी पुग्ने गरी सो बैङ्क वा वित्तीय संस्था वा | |

| दफा | साविक व्यवस्था | प्रस्तावित व्यवस्था | संशोधन गर्नुपर्नाको कारण |
|---|---|---|---|
| | पुग्ने गरी सो बैङ्क वा वित्तीय संस्था वा **सहकारी संस्था वा संघको** नियन्त्रण वा संरक्षण वा स्वामित्वमा रहेको नगद रकम, कोष, सुरक्षणपत्र वा अन्य चल, अचल सम्पत्ति प्राप्त गर्न वा त्यस्तो सम्पत्ति माथि दखल पुऱ्याउन वा नियन्त्रणमा लिन वा त्यस्तो योजनालाई कार्यान्वयन गर्न सहयोग पुऱ्याई | **सहकारी बैङ्कको** नियन्त्रण वा संरक्षण वा स्वामित्वमा रहेको नगद रकम, कोष, सुरक्षणपत्र वा अन्य चल, अचल सम्पत्ति प्राप्त गर्न वा त्यस्तो सम्पत्ति माथि दखल पुऱ्याउन वा नियन्त्रणमा लिन वा त्यस्तो योजनालाई कार्यान्वयन गर्न सहयोग पुऱ्याई बैङ्क वा वित्तीय संस्था वा **सहकारी बैङ्कलाई** हानि नोक्सानी पुऱ्याउनु | |

| दफा | साविक व्यवस्था | प्रस्तावित व्यवस्था | संशोधन गर्नुपर्नाको कारण |
|---|---|---|---|
| | बैङ्क वा वित्तीय संस्था वा **सहकारी संस्था वा संघलाई** हानि नोक्सानी पुऱ्याउनु हुँदैन।<br><br>(३) कसैले कुनै व्यहोराको गलत वा झुट्टा विवरण वा प्रतिज्ञाको आधारमा बैङ्क वा वित्तीय संस्था वा **सहकारी संस्था वा संघसँग** कुनै कारोवार गर्न वा आफ्नो नाम ढाँटी सो नाम मेरो | हुँदैन।<br><br>(३) कसैले कुनै व्यहोराको गलत वा झुट्टा विवरण वा प्रतिज्ञाको आधारमा बैङ्क वा वित्तीय संस्था वा **सहकारी बैङ्कसँग** कुनै कारोवार गर्न वा आफ्नो नाम ढाँटी सो नाम मेरो होइन, अर्केको हो भनी र अर्को मानिसको नामलाई मेरो हो सो मानिस मै हुँ भनी वा त्यस्तो कुरा | |

| दफा | साविक व्यवस्था | प्रस्तावित व्यवस्था | संशोधन गर्नुपर्नाको कारण |
|---|---|---|---|
| | होइन, अर्कैको हो भनी र अर्को मानिसको नामलाई मेरो हो सो मानिस मै हुँ भनी वा त्यस्तो कुरा अर्काबाट जानी बुझी भनाउनु, भनी दिनु इत्यादि जुनसुकै कुरो गरी कसूरको सजायबाट बच्नका लागि वा बेइमानीको नियतले धोका गफलत वा झुक्यानमा पारी बैङ्क वा वित्तीय संस्था वा | अर्काबाट जानी बुझी भनाउनु, भनी दिनु इत्यादि जुनसुकै कुरो गरी कसूरको सजायबाट बच्नका लागि वा बेइमानीको नियतले धोका गफलत वा झुक्यानमा पारी बैङ्क वा वित्तीय संस्था वा **सहकारी बैङ्कलाई** कुनै पनि तवरले हानि नोक्सानी पुऱ्याई आफू वा अरु कसैलाई लाभ हुने कार्य गर्न हुँदैन। | |

| दफा | साविक व्यवस्था | प्रस्तावित व्यवस्था | संशोधन गर्नुपर्नाको कारण |
|---|---|---|---|
| | **सहकारी संस्था वा संघलाई** कुनै पनि तवरले हानि नोक्सानी पुर्‍याई आफू वा अरु कसैलाई लाभ हुने कार्य गर्न हुँदैन। | | |
| दफा १४ख. मा संशोधन | १४ख. गैरकानूनी रुपमा बैकिङ्ग कारोबार गर्न नहुनेः सहकारी ऐन, २०४८ बमोजिम दर्ता भएका सहकारी संस्था वा संघले | १४ख. गैरकानूनी रुपमा बैकिङ्ग कारोबार गर्न नहुनेः सहकारी बैङ्कले नेपाल राष्ट्र बैंङ्कबाट स्वीकृति प्राप्त नगरी बैकिङ्ग कारोबार गर्न वा गराउन | सहकारी कारोवार सम्बन्धी अनुमति दिने नीतिगत व्यवस्था |

| दफा | साविक व्यवस्था | प्रस्तावित व्यवस्था | संशोधन गर्नुपर्नाको कारण |
|---|---|---|---|
| | सोही ऐनको दफा २६ को उपदफा (२) बमोजिम नेपाल राष्ट्र बैंङ्कबाट स्वीकृति प्राप्त नगरी बैकिङ्ग कारोबार गर्न वा गराउन हुँदैन। | हुँदैन। | हटाइएकोले। |
| दफा १५ को उपदफा (१) पछि उपदफा (१क.) थप | नभएको। | (१क) दफा ३क. को उपदफा (५) बमोजिम चेक अनादर भएको प्रमाणित भएमा चेक जारी गरी दिने खातावालाबाट धारकलाई बिगो बमोजिमको रकम | चेक अनादर गर्ने उपर सजायको व्यवस्था गर्नुपर्ने भएकोले। |

| दफा | साविक व्यवस्था | प्रस्तावित व्यवस्था | संशोधन गर्नुपर्नाको कारण |
|---|---|---|---|
| | | भराई चेक जारी गरि दिने खातावालालाई विगोको पाँच प्रतिशत जारिवाना र देहाय बमोजिमको सजाय हुनेछः÷<br>(क) पाँच लाख रुपैयाँसम्म बिगो भए **एक महिनासम्म** कैद,<br>(ख) पाँच लाख रुपैयाँभन्दा बढी दश लाख रुपैँयाँसम्म बिगो भए **तीन** | |

| दफा | साविक व्यवस्था | प्रस्तावित व्यवस्था | संशोधन गर्नुपर्नाको कारण |
| --- | --- | --- | --- |
| | | **महिनासम्म** कैद,<br>(ग) दश लाख रुपैयाँभन्दा बढी पचास लाख रुपैँयाँसम्म बिगो भए **छ महिनासम्म** कैद,<br>(घ) पचास लाख रुपैयाँभन्दा बढी जतिसुकै बिगो भए पनि **दुई वर्ष**सम्म कैद। | |
| दफा १५ को उपदफा (८) मा | (८) दफा ३, ५, ६, ७, ८, ९, १०, ११, १२, १२क., १३, १४, १४क. र | (८) दफा ३, **३क.**, ५, ६, ७, ८, ९, १०, ११, १२, १२क., १३, १४, १४क. र | दफा ३क. लाई समेत समेट्नु |

| दफा | साविक व्यवस्था | प्रस्तावित व्यवस्था | संशोधन गर्नुपर्नाको कारण |
| --- | --- | --- | --- |
| संशोधन | १४ख. बमोजिमको कसूर गर्ने व्यक्ति सम्बन्धित संस्थाको अध्यक्ष, सञ्चालक, प्रमुख कार्यकारी अधिकृत भएमा यस ऐन बमोजिम हुने सजायमा थप एक वर्ष कैद हुनेछ। | १४ख. बमोजिमको कसूर गर्ने व्यक्ति सम्बन्धित संस्थाको अध्यक्ष, सञ्चालक, प्रमुख कार्यकारी अधिकृत भएमा यस ऐन बमोजिम हुने सजायमा थप एक वर्ष कैद हुनेछ। | परेकोले। |
| दफा १७ को उपदफा (१) पछि उपदफा (१क) थप | नभएको। | (१क) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि दफा ३क. बमोजिमको कसूरमा चेक अनादर गरेको प्रमाणित भएको मितिले तीन | व्यवस्था गर्न आवश्यक भएकोले। |

| दफा | साविक व्यवस्था | प्रस्तावित व्यवस्था | संशोधन गर्नुपर्नाको कारण |
|---|---|---|---|
| | | महिनाभित्र जाहेरी दिन सकिनेछ र त्यसरी जाहेरी परेको मितिले तीन महिनाभित्र सम्बन्धित जिल्ला अदालत समक्ष मुद्दा दायर गरिसक्नु पर्नेछ। | |
| दफा २६ पछि दफा २६क. थप | नभएको। | २६क. मिलापत्र गर्न सकिने: (१) प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भए तापनि दफा ३क. बमोजिम चेक अनादर सम्बन्धी मुद्दामा प्रतिवादीले चेकमा उल्लेख भए | यस सम्बन्धी व्यवस्था गर्न आवश्यक भएकोले। |

| दफा | साविक व्यवस्था | प्रस्तावित व्यवस्था | संशोधन गर्नुपर्नाको कारण |
|---|---|---|---|
| | | बमोजिमको रकम धारकलाई बुझाइ मुद्दाका दुबै पक्षले मिलापत्र गर्न चाहेमा अनुसन्धानको सिलसिलामा भए अनुसन्धान अधिकारीमार्फत सरकारी वकीलसमक्ष र अदालतमा मुद्दा दायर भै सकेको भएमा सरकारी वकील मार्फत अदालतसमक्ष मिलापत्रको लागि निवेदन दिन सक्नेछन्। | |

| दफा | साविक व्यवस्था | प्रस्तावित व्यवस्था | संशोधन गर्नुपर्नाको कारण |
|---|---|---|---|
| | | (२) उपदफा (१) बमोजिम मिलापत्रको लागि निवेदन परेमा सरकारी वकीलले मुद्‌दा अनुसन्धानको सिलसिलामा भए अनुसन्धान अधिकृतलाई दुवै पक्षबीच मिलापत्र गराई दिन र मिलापत्र भएको व्यहोरा अभिलेखमा जनाई तत्सम्बन्धी अनुसन्धान स्थगन गर्न सम्बन्धित अनुसन्धान | |

| दफा | साविक व्यवस्था | प्रस्तावित व्यवस्था | संशोधन गर्नुपर्नाको कारण |
|---|---|---|---|
| | | अधिकारीलाई आदेश दिनु पर्नेछ।<br><br>(३) उपदफा (२) बमोजिम सरकारी वकीलले दिएको आदेश अनुसार मिलापत्र गराई सोको अभिलेख राख्नु सम्बन्धित अनुसन्धान अधिकृतको कर्तव्य हुनेछ।<br><br>(४) उपदफा (१) बमोजिम मिलापत्रको लागि निवेदन परेमा | |

| दफा | साविक व्यवस्था | प्रस्तावित व्यवस्था | संशोधन गर्नुपर्नाको कारण |
|---|---|---|---|
| | | सम्बन्धित अदालतले प्रचलित कानून बमोजिम मिलापत्र गराई दिनु पर्नेछ।त्यसरी मिलापत्र भएकोमा प्रतिवादीलाई यस ऐन बमोजिम सजाय हुने छैन। | |
| विनिमय अधिकारपत्र ऐन, २०३४ को दफा १०७क. खारेज | १०७क. सजायः बैङ्कमा आफ्नो निक्षेप छैन वा निक्षेप भए पनि पर्याप्त छैन भन्ने जानीजानी कुनै व्यक्तिले चेक काटी | खारेजी र बचाउ: (१) विनिमय अधिकार पत्र ऐन, २०३४ को दफा १०७क. खारेज गरिएको छ।<br>(२) उपदफा (१) मा | खारेजी र बचाउ सम्बन्धी व्यवस्था गर्न आवश्यक भएकोले। |

| दफा | साविक व्यवस्था | प्रस्तावित व्यवस्था | संशोधन गर्नुपर्नाको कारण |
|---|---|---|---|
| | कसैलाई हस्तान्तरण गरेमा र त्यसरी हस्तान्तरण गरिएको चेक भुक्तानीको लागि सम्बन्धित बैङ्क समक्ष प्रस्तुत गर्दा पर्याप्त निक्षेप नभएको कारणबाट बैङ्कबाट चेक अनादर भएमा चेक काट्ने व्यक्तिबाट चेकमा उल्लिखित रकम र ब्याज समेत धारकलाई भराई चेक काट्ने व्यक्तिलाई | जुनसुकै कुरा लेखिएको भए तापनि यो ऐन प्रारम्भ हुँदाका बखत विनिमय अधिकार पत्र ऐन, २०३४ को दफा १०७क. बमोजिमको सजायको मागदाबी लिई दायर भएका मुद्दा सोही बमोजिम कारबाही र किनारा गर्न बाधा पर्ने छैन। | |

| दफा | साविक व्यवस्था | प्रस्तावित व्यवस्था | संशोधन गर्नुपर्नाको कारण |
|---|---|---|---|
| | तीन महिनासम्म कैद वा तीन हजार रुपैयाँसम्म जरिबाना वा दुवै सजाय हुनेछ। | | |